फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लक्ष्मिनियाँ (दो.), रौतहट

प्रदेश नं. २, नेपाल

प.सं. :०७६।०७७

मिति : २०७७।०१।०८

च.नं. 690

विषय : ३ (तिन) दिने सार्वजनिक सूचना ।

उपरोक्त सम्बन्धमा यस फतुवा विजयपुर नगरपालिकामा कोरोनाको रोकथाम गर्नको लागी नेपाल सरकार द्वारा गरिएको लकडाउनको कारण यस विशेष परिस्थितिमा नगरपलिका क्षेत्र भित्र दैनिक ज्यालादारी गरी खाने घरधुरी परिवारलाई आधारभूत खाधान्नको व्यवस्था गर्नु पर्ने भएको हुँदा लक्षित परिवारलाई राहत पुऱ्याउनको लागी नेपाल सरकार अर्थ मन्त्रालय द्वारा पारित "असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सामग्री मापदण्ड" को दफा ६ को प्रयोजनको लागी न.पा. को मिति २०७६/०१/०७ गतेको निर्णयनुसार तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, ,२०६४ को नियम १४५ बमोजिम तपसिल अनुसारको खाधान्न खरिद गर्नु पर्ने भएको हुँदा इच्छुक फर्म, सप्लायर्सले उक्त सामाग्रीहरुको भ्याट बाहेकको दर रेट र कार्यालय सम्म ढुवानी खर्च समेत जोडेर शिलबन्दी दरभाउ पत्र उपलब्ध गराउनको लागी यो ३ (तिन) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । लकडाउनको यस विशेष परिस्थितिमा यस न.पा. को इमेल ठेगाना fatuwabijaypur@gmail.com मा समेत पठाउन सकिने छ ।

तपसिल :

| क्र.सं. | सामग्रीको नाम | परिमाण | एकाई |
|---|---|---|---|
| १. | चामल (सोना मंसुली) | १ (एक) | के.जी. |
| २. | दाल (मसुरो) | १ (एक) | के.जी. |
| ३. | नुन (आयो नुन) | १ (एक) | के.जी. |
| ४. | खाने तेल (तोरीको तेल) | १ (एक) | लिटर |

सुरेन्द्र प्रधान

प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत

फतुवा विजयपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लक्ष्मिनिया (दो.), रौतहट
प्रदेश नं. २ नेपाल

<u>शिलबन्दी दरभाउ पत्रमा पालना गर्नु पर्ने शर्तहरु :</u>

१. शिलबन्दी दरभाउ पत्र साथ फर्म वा सप्लायार्सको दर्ताको प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र र आ.व.०७५।०७६ सम्मको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्ने छ ।

२. दर भाउपत्र अंक र अक्षरमा केरमेट नगरी पेश गर्नु पर्नेछ ।

३. उपरोक्त खाद्यान्न सामाग्रीहरु मध्ये सबै खाद्यान्नहरुको अलग अलग दरभाउ वा आफुले आपुर्ति गर्न चाहेको खाद्यान्नको मात्र दरभाउ पत्र पेश गर्न सकिनेछ ।

४. यो दरभाउ पत्र मिति २०७७/०१/११ गते दिनको ११:०० बजे यस फतुवा विजयपुर नगरपालिकाको कार्यालयमा खोलिनेछ र फर्म वा सप्लायर्सको प्रतिनिधि नआए पनि खोल्न कुनै बाधा पर्ने छैन ।

५. दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस फतुवा विजयपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, लक्ष्मिनियाँ (दो.), रौतहटलाई हुनेछ ।

६. आपुर्ति सम्बन्धि अन्य शर्तहरु दरभाउ पत्र स्वीकृत भए पछि फर्म र न.पा. बीच हुने सम्झौता पत्र अनुसार हुनेछ ।

७. लक्षित समूह करिब ८००० देखि ८५०० परिवार हुन सक्नेछ ।

८. रित नपुगेको दरभाउ पत्रको मुल्याङ्कन गरिने छैन ।

९. थप जानकारीको लागि यस न.पा.को कार्यालयमा वा मोबाइल नं.९८५११९६३१७ र ९८५५०४२३६५ मा सम्पर्क राख्न सकिनेछ ।

सुरेन्द्र प्रधान
प्रमुख प्रशासकीय अधिकृत